# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/७६ सा.प्र.म.शा.

च.नं. ३८४२

मिति २०७५/११/०३

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७५/१०/२८ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ४ (चार) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..............................
(अर्जुन पौडेल)
शाखा अधिकृत

बोधार्थः
श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राखु हुन ।
श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

२४औं कार्यपालिका बैठकका निर्णयहरु

(२०७५ माघ २८)

१. गौतम बुद्ध अन्तरराष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि धुर्मुस-सुन्तली फाउण्डेसनसँग भएको सहमति-पत्रको व्यहोरा कार्यपालिका समक्ष जानकारी भई अनुमोदन गर्ने निर्णय गरियो।

२. भरतपुर महानगरपालिका र अन्तर्गत विगतदेखि कार्यरत स्थायी कर्मचारीहरुलाई कार्यरत तहमै काम गर्ने गरी कानून वमोजिम समायोजनको पत्र दिने निर्णय गरियो । साथै स्थानीय तहको सेवा सम्वन्धी ऐनमा स्थानीय तहमा लामो समयदेखि कार्यरत स्थायी कर्मचारीको वृत्ति विकासको न्यायोचित व्यवस्थाका लागि महानगरको तर्फबाट सम्वन्धित निकायमा पहल गरिने निर्णय गरियो ।

३. नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा) को पहिलो पटक ३० दिने र दोश्रो पटक प्रादेशिक आर्थिक ऐन अनुरुप प्रति इकाइ दर कायम गरी १५ दिने सूचना प्रकाशित गरी बोलपत्र मूल्यांकनको क्रममा रहेको खरिद प्रकृयालाई अनुमोदन गर्ने निर्णय गरियो ।

४. आ. व. २०७४/७५ को अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनले उठाएका वित्तीय अनुशासन सम्वन्धी मुख्य विषयहरु सम्वन्धमा बैठकलाई जानकारी गराइयो।

५. गत आ. व. २०७४/७५ का आयोजनाहरु सम्पन्न गर्नका लागि २०७५ पौष मसान्तसम्मको अवधि तोकिएकोमा हालसम्म पनि केही आयोजनाहरु सम्पन्न नभएको बुझिएको हुँदा ती आयोजनाहरु २०७५ फागुन मसान्तभित्र सम्पन्न नभएमा रकम फ्रिज गर्ने निर्णय गरियो ।

६. आ. व. २०७५/७६ का वडास्तरीय आयोजनाहरु विशेष कारण परी नियमानुसार संशोधन गर्नु परेमा त्यस्ता कार्यक्रमको एकमुष्ट फाइल खडा गरी वडासमितिको निर्णय गराई सम्वन्धित वडाबाट फागुन मसान्तभित्र संशोधनका लागि पेश गरिसक्नुपर्ने निर्णय गरियो ।

७. सघन शहरी तथा भवन निर्माण आयोजनाबाट यस अघि शिलान्यास समेत भई निर्माणको क्रममा रहेको महानगरीय चक्रपथको रुट जंगल भिल्ला रिसोर्ट कर्नरबाट विरेन्द्रनगर टाउन हुँदै गोन्द्राङतर्फको वडा नं २२ मा पर्ने चक्रपथको न्युनतम सडक अधिकार क्षेत्र ३० मी. कायम हुन नसक्ने अवस्था भएकोले सो रुटको विकल्पमा वडा नं २३ स्थित कसरा चोकबाट पश्चिम खङ्गौली चोक हुँदै बेलहट्टा बसपार्क आलमघाटको पुलसम्म र वडा नं २४ को आलमघाट बच्चु दिदीको घरबाट दक्षिण त्रिलोचन कँडेलको केराबारीको बाटो हुँदै ध्रुबबजारबाट वडा कार्यालय तर्फ चक्रपथ निर्माणको काम हुन अनुरोध गरी पठाइएको सम्वन्धमा बैठकमा जानकारी गराइयो । साथै तटवन्ध सहितको चक्रपथको डिपिआर तयार पारिदिनका लागि डिभिजन सडक कार्यालय, भरतपुरमा अनुरोध गरिएको प्रस्तावित चक्रपथको रुट तथा अधिकार क्षेत्र सम्वन्धमा समेत बैठकलाई जानकारी गराइयो ।

८. सार्वजनिक-निजी साझेदारी ऐनको दफा ४६ अनुसार सार्वजनिक-निजी साझेदारी इकाई प्रवर्द्धन समिति गठन सम्वन्धमा पेश हुँदा देहाय वमोजिमको समिति गठन गर्ने निर्णय गरियो :

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उपप्रमुख | उपाध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |

प्रमुख अधिकृत

Scanned by CamScanner

कार्यपालिका सदस्य धनकुमारी वि क — सदस्य

उद्योग वाणिज्य संघ चितवनको तर्फबाट वरिष्ठ पदाधिकारी — सदस्य

चितवन उद्योग संघका तर्फबाट वरिष्ठ पदाधिकारी — सदस्य

PPP विशेषज्ञ — सदस्य

PPP इकाइ प्रमुख — सदस्य सचिव

९. महानगरीय सिटी हल निर्माणका लागि जिल्ला समन्वय समितिबाट स्वामित्व हस्तान्तरण सहित प्राप्त जग्गामा रहेका रुख कटानी गर्ने सम्बन्धमा डिभिजन बन कार्यालय, चितवनमा पत्राचार गर्ने निर्णय गरियो ।

११. <u>राजस्व सम्बन्धी निर्णय</u>

क. राजश्व परिचालन टोली खटाउने सम्बन्धमा पेश भएको कार्य शर्त (TOR) बमोजिम राजश्व सम्बन्धी कार्य गर्नेगरी २०७५ फागुन ०१ गतेबाट वडा नं १ देखि १२ सम्म बढीमा २ जना जनप्रतिनिधि र २ जना कर्मचारी सहितको कार्यटोली परिचालन गर्ने निर्णय गरियो ।

ख. सुकुम्वासीहरुको लागि व्यवसाय दर्ता सम्बन्धमा ऐलानी र सार्वजनिक वाहेक निजी स्थानमा मात्र निश्चित मापदण्डको आधारमा व्यवसाय दर्ता गर्न दिने निर्णय गरियो ।

ग. कोशी नदीमा संचालित Jet Boat सम्बन्धमा उठ्न बाँकी रकम रु १५,१३,०००/- रकम उठाइ Jet Boat को वर्तमान अवस्था समेत बुझी महानगरमा फिर्ता ल्याउने सम्बन्धमा आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

घ. सौर्य वत्तिको पोलमा विज्ञापन गर्ने सम्बन्धी ठेक्कामा सम्बन्धित ठेकेदार कम्पनी भिचित्र प्रा. लि. ललितपुर काम नगरेकोले सम्झौताको समय उक्त कम्पनीले राखेको धरौटी रकम रु. ९,७०,०००/- (नौ लाख सत्तरी हजार) जफत गर्ने निर्णय गरियो ।

ङ. राजश्व फिर्ता सम्बन्धमा आइटी अधिकृतको विज्ञापन खुलाएको र सो विज्ञापनको सूचना रद्द भएकोले दरखास्त फारमको रु १,०००/- फिर्ता पाँउ भनि चन्द्रकला बसेलको निवेदनमा सो रकम फिर्ता दिने निर्णय गरियो ।

च. वडा नं २८ का दराई तथा बोटेहरुको लागि छात्रवृत्ति वापतको रकम रु ४९,६००/- को चेक उपलब्ध गराएको तर विभिन्न कारणले नसाटिएको हुँदा चालु आर्थिक बर्षको वडास्तरीय वजेटमा छात्रवृत्ति शीर्षकबाट अर्को चेक उपलब्ध गराउने निर्णय गरियो ।

१२. विविध निर्णयहरु

क. भरतपुर महानगरपालिकाको हालको कार्यालय परिसरभित्र बहुतले प्रशासनिक भवन निर्माणको प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

ख. वडा नं ३ मा निर्माण हुने Autoland को डिपिआर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो । साथै अटोल्याण्ड निर्माण हुने भनिएको नगरबनसमेतको जग्गाको भोगाधिकार

प्रमुख

Scanned by CamScanner

महानगरपालिकामा कायम गर्न सम्बन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय भयो । अटोल्याण्ड निर्माणका लागि गठित समितिको सदस्य सचिवका रुपमा सार्वजनिक निजी साझेदारी इकाईका प्रमुख वरिष्ठ इन्जिनियर भरतकुमार आचार्यलाई तोक्ने निर्णय गरियो ।

ग. वडा नं २ र १२ का लागि पहिचान भएको जग्गा महानगरको नाममा स्वामित्व कायम गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

घ. महानगरीय लघु तथा मझौला औद्योगिक ग्राम वडा नं. २१ मा स्थापना गर्ने भनी आवेदन प्राप्त भएको हुँदा मापदण्ड अनुसार कार्यप्रकृया अगाडि बढाउने निर्णय गरियो ।

च. अध्ययन अवलोकन भ्रमणका लागि महानगरबाट पश्चिमतर्फ नेपालगञ्ज उपमहानगरपालिका, टीकापुर नगरपालिका र वीरेन्द्रनगर नगरपालिका भ्रमण गरी फिर्ता भएको सन्दर्भमा संक्षिप्तमा जानकारी गराइयो ।

ङ. ट्याक्टरमा राखी संचालन भइरहेका कपास फिट्ने मेसिन प्रयोगलाई व्यवस्थापन गर्न जिल्ला प्रशासन कार्यालय समेतको समन्वयमा उपयुक्त मापदण्ड तयार गर्ने निर्णय गरियो ।

च. विभिन्न मितिमा सञ्चालन हुनेगरी प्राप्त छोटो अवधिका गोष्ठी एवं सम्मेलनका लागि देहाय वमोजिम मनोनयन गरी बाँकी प्रकृयाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

| सि नं | भ्रमणको विषय, स्थान र मिति | मनोनयन हुनुभएका जनप्रतिनिधि एवं कर्मचारीको नाम |
|---|---|---|
| १ | Smart City Summit and Expo 2019, Taipei, Taiban, March 26-29 | नगरप्रमुख रेनु दाहाल र उपसचिव कुलवहादुर जी. सी. |
| २ | Workshop on Integrated Solid Waste Management (ISWM), Jeju, Republic of Korea, March 12-15, 2019. | वडाध्यक्षद्वय चन्द्रमित्र पण्डित र पदमपाणी सुवेदी |
| ३ | Workshop on Ecotourism for Sustainable Future of the Asia-Pacific, Jeju, Republic of Korea, March 20-23, 2019. | वडाध्यक्षद्वय कर्णवहादुर गुरुङ र विष्णुराज महतो |
| ४ | Workshop on Enhancing Human Security in the Asia Pacific Region, Jeju, Republic of Korea,April 2-5, 2019 | वडाध्यक्ष हरिप्रसाद आचार्य र कानून अधिकृत खगेश्वर अधिकारी |
| ५ | 33rd Session of CITYNET, Kuala Lumpur, Malaysia, 22-24 April, 2019. | वडाध्यक्ष ज्ञानप्रसाद खनाल र वातावरण अधिकृत सुशिला रेग्मी |

छ. जिल्ला पुनर्निर्माण सहजीकरण समिति, चितवनको मिति २०७५ पौष २४ को निर्णयको वुँदा २ अनुरुप भरतपुर महानगरपालिकामा पुनर्निर्माण समन्वय समितिको गठन गरी कार्यसम्पादन समीक्षाका लागि मासिक बैठक बस्ने समेत निर्णय गरियो । साथै भूकम्पपीडित लाभग्राहीहरुले निर्माण गर्ने आवासको नक्शा अभिलेखीकृत गरी पास गर्दा शुल्क नलिने निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner

२०७८।१।

ज. भरतपुर विमानस्थलको स्तरोन्नतिका सम्वन्धमा हाल भैरहेको पहलका सम्वन्धमा भरतपुर महानगरपालिकाले सम्वन्धित मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो । साथै हालको नेपाली सेनातर्फको घोडा तवेला तथा कालीवहादुर गणलाई स्थानान्तरण गर्ने उपयुक्त जग्गाको रुपमा वडा नं १ स्थित नेपाल ट्रष्टको स्वामित्वमा रहेको जग्गा एवं गणेशस्थान मन्दिर पछाडि जखडीमाई क्षेत्रको जग्गा समेत प्रस्ताव गरी सम्वन्धित निकायमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

झ. कृषियोग्य जग्गाको खण्डिकरण सम्वन्धमा मन्त्रालयबाट जारी गरिएको निर्देशनअनुरुप जग्गा उपयोगिता विश्लेषण प्राविधिक समिति गठन गरी अध्ययन कार्य अघि बढाउने निर्णय गरियो ।

ञ. भरतपुर महानगरपालिकामा सञ्चालित सहकारी संस्थाहरुको अनुगमन गर्ने कार्यलाई अघि बढाउनुका साथै नयाँ सहकारी संस्थाको दर्ता र सञ्चालनमा रहेका सहकारी संस्थाको नियमन र प्रर्वद्धन सम्वन्धमा कार्यविधिलाई अन्तिम रुप दिई अनुमोदनका लागि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

ट. भरतपुर महानगरपालिकामा हुने उच्चस्तरीय ग्राभेल गर्दा जनसहभागिताको अंश रहने प्रावधान राखेपनि लागत सहभागिता भने अनिवार्य नगर्ने निर्णय गरियो ।

ठ. भरतपुर महानगरपालिका वाड नं १६ स्थित श्री आधारभूत विद्यालय, ब्रम्हपुरलाई प्रदेश सरकारबाट विद्यालय भवन निर्माण गर्न रु ५० लाख विनियोजन भएको हुँदा सो विद्यालय भवनको सेटव्याक २ मी. कायम गरी नक्शापास स्वीकृति दिने निर्णय गरियो ।

ड. वडा नं २१ स्थित अन्नपूर्ण माध्यमिक विद्यालयको जग्गा अन्नपूर्ण कलेज (सामुदायिक) ले प्रयोग गर्दै आएकोमा सो एक विघा बराबरको जग्गाको स्वामित्व हस्तान्तरणका लागि सम्वन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

ढ. भरतपुर महानगरपालिका वाड नं ८ स्थित श्री गौरीगञ्ज मा. वि. मा मिति २०७५/०८/२२ गते भौतिक संरचनाको ठुलोक्षति भएकोले केही भौतिक संरचनाको निर्माण गर्न कार्यक्रममा आधारित आकस्मिक खर्च शिर्षकबाट रु. १० लाख रकम निकासा दिने निर्णय गरियो ।

ण. भरतपुर महानगरपालिका, वडा नं १३ को कार्यालय भवनका लागि जग्गा दान गर्नुहुने श्री सुकदेव कोइराला र वहाँकी धर्मपत्नीको मोटरसाइकल दुर्घटनामा परी असमायिक निधन भएको हुँदा मृत आत्माको चीर शान्तिको कामना तथा शोकसंतप्त परिवारप्रति समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

प्रमुख

Scanned by CamScanner